नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

## "घरघरमा हुलाक, मनमनमा हुलाक"

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ।

**प्रमुख सेवाहरू**

१. **साधारण चिठी पत्र सेवा**

यो सेवा अन्तरगत साधारण पत्र, दृष्टिविहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन्।

२. **रजिष्ट्री सेवा**

- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking System (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्रासिको अभिलेख राखेर गरिने सेवा।
- चिठीपत्र पुगे/नपुगेको अवस्था थाहा पाउन Tracking को व्यवस्था।

३. **पार्सल /पुलिन्दा सेवा**

- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था।

४. **टिकट विक्रि सेवा**

- नियमित टिकट विक्रि र फिलाटेलिक सेवा

५. **व्यावसायिक सेवा**

द्रुत डाँक सेवा (**Express mail service EMS)**

- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्रयाकिङ (Tracking) को व्यवस्था।
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था।

**एजेन्सी सेवाहरु (प्रत्यायोजित अधिकार अन्तरगतका सेवाहरु)**

१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन।
२. एफ.एम. रेडियो र केवल (Cable) नवीकरण तथा अनुगमन।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, सञ्चार कर्मी परिचयपत्र नविकरण।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस।
५. छापा तथा विद्युतीय सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेवापत रकम भुक्तानी र सोको अनुगमन।

फोन नं. ०१-५३२४११६/११७, **Website: www.nepalpost.gov.np, Email ID: admin@nepalpost.gov.np**